# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड :४ बैशाख ०७ गते मंगलबार, २०७८ अतिरिक्ताङ्क १

## भाग-२

## सूचना

गुल्मीदरबार गाउँपालिकाले तल लेखिए बमोजिम कार्यविधि संशोधन गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

### स्थानीय राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७४

**प्रस्तावना :** गुल्मीदरबार गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ मा संशोधन गर्न वाञ्छनीय भएकोले,

गुल्मीदरबार गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम " गुल्मीदरबार गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७४" रहेको छ ।

ख. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **मूल कार्यविधिको दफा ३ मा संशोधन :** मुल कार्यविधिको दफा ३ मा रहेको स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तुहरुको अनुसूची (१) मा २ वटा भाग रहेकोमा भाग (३) थप गरि ३ वटा भागमा वर्गीकरण गरिएको छ।

३. **मूल कार्यविधिको दफा ४ मा संशोधन :** मुल कार्यविधिको दफा ४ मा रहेको स्थानीय राजपत्रको ढाँचा अनुसूची (२)मा अनुसूची-१ मा थप गरिएको भाग ३ को ढाँचा यसै बमोजिम हुनेछ ।

# अनुसूची(१)

## (दफा ३ सँग सम्बन्धित)

## स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु

**भाग (१)**

यस भागमा स्थानीय सभाबाट पारित भई सभा
को अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ ।

**भाग (२)**

यस भागमा गुल्मीदरबार गाउँकार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथा अर्को स्थानीय तहसँग भएको सम्झौताको व्यहोरा प्रकाशन गरिनेछ ।

**भाग (३)**

यस भागमा गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाका निर्णयहरु, गाउँसभाका निर्णयहरु र गाउँपालिकाले गर्नु पर्ने विभिन्न सूचनाहरु प्रकाशन गरिने छ ।

## अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-३ सँग सम्बन्धित)

गुल्मीदरबार **गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः...          संख्याः...          मितिः ..../../..

**भाग-३**

गुल्मीदरबार गाउँपालिका

यस भागमा गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाका निर्णयहरु, गाउँसभाका निर्णयहरु र गाउँपालिकाले गर्नु पर्ने विभिन्न सूचनाहरु प्रकाशन गरिने व्यहोरा

आज्ञाले,
नाम
प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,
(लक्ष्मण पाण्डे)
प्रमुख प्रशासकीय अधिकृत